**Tribhuvan Journal** Vol. 4 No.1.pp.170-179, December, 2025; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
DOI: **https://doi.org/10.3126/tribj.v4i1.94726**

# *सूतपुत्र* उपन्यासमा सीमान्तीयता

***डा. प्रेमप्रसाद तिवारी***
*Tiwari.prem828@gmail.com*
*त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, रुपन्देही*
*https://orcid.org/0009-0007-4433-7501*
***डा. शालिकराम पौड्याल***
*त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, रुपन्देही*
*paudyalshalikram@gmail.com*
*https://orcid.org/0009-0007-6023-9864*

***Article History:*** *Received 15 May 2025; Reviewed 18 August 2025; Revised 22 October 2025; Accepted 28 November 2025*

## लेखसार

*प्रस्तुत लेखमा शंकरप्रसाद गैरेद्वारा लिखित सूतपुत्र उपन्यासलाई सीमान्तीयताका कोणबाट विश्लेषण गरिएको छ । अध्ययनको मुख्य उद्देश्य उपन्यासमा अभिव्यक्त सीमान्तीयताअन्तर्गतका लैङ्गिकता र जातीयता कसरी प्रस्तुत भएका छन् भन्ने पहिचान र विश्लेषण गर्नु हो । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधि अपनाई सूतपुत्र उपन्यासलाई प्राथमिक स्रोत तथा सीमान्तीय सिद्धान्तसम्बन्धी कृतिहरूलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । पाठविश्लेषणका क्रममा व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । महाभारतीय मिथकको प्रयोगमार्फत कर्णलाई जातीय सीमान्तीय पात्रका रूपमा चित्रण गरिएको छ भन्ने कुरालाई लेखका माध्यमबाट स्पष्ट पारिएको छ । उपन्यासले जातीय विभेदका कारण शिक्षा, अवसर र सम्मानबाट वञ्चित शूद्र वर्गको पीडा उजागर गरेको छ । साथै माला, लाक्षा र उनकी आमाका प्रसङ्गमार्फत नारीमाथि हुने लैङ्गिक उत्पीडन र यौन शोषणको यथार्थ पनि प्रस्तुत गरिएको छ । निष्कर्षतः सूतपुत्र उपन्यास जातीय तथा लैङ्गिक सीमान्तीयताको सशक्त साहित्यिक दस्तावेजका रूपमा रहेको कुरा यस लेखमा स्पष्ट पारिएको छ ।*

***शब्दकुञ्जी :*** *उत्पीडन, जातीय विभेद, महाभारतीय मिथक, लैङ्गिकता, सीमान्तीयता ।*

## विषयपरिचय

शंकरप्रसाद गैरै नेपाली साहित्यको समसामयिक धारामा कलम चलाउने उदीयमान आख्यानकार हुन् । नेपाली साहित्यका कथा, उपन्यास तथा कविता विधामा कलम चलाएका गैरेले समालोचनाका क्षेत्रमा पनि आफूलाई स्थापित गरेका छन् । आख्यानका क्षेत्रमा विशेष रुचि राख्ने गैरेका *उज्यालोतिर* (उपन्यास : २०७४), *कृष्ण* (उपन्यास : २०७८), *सूतपुत्र* (उपन्यास : २०८२) जस्ता औपन्यासिक कृति सार्वजनिक भएका छन् । यस्तै गैरेका *विमर्श स्पर्शहरू* (संयुक्त कवितासङ्ग्रह : २०६७), *मधुमास* (गजलसङ्ग्रह : २०७६), *साहित्यमा बगनासकाली* (समालोचना : २०७९) जस्ता कविता, गजल तथा अनुसन्धानात्मक समालोचनाका पुस्तक एवम्

विभिन्न तहमा पढाइ हुने पाठ्यपुस्तक पनि सार्वजनिक भएका छन् । साहित्य सिर्जना, समालोचना, अनुसन्धान तथा पाठ्यपुस्तक लेखनमा सक्रिय रहेका गैरेका रचनामा विषयगत विविधता पाइन्छ । यिनका रचनामा समसामयिक जीवनका सन्दर्भ तथा पौराणिक सन्दर्भलाई मिथकका रूपमा उपयोग गरिएको हुन्छ । अभिघातले सिर्जना गरेको त्रासदीय अवस्थाले पारिवारिक जीवनमा ल्याएको समस्यालाई आख्यानका माध्यमबाट प्रस्तुत गर्ने कलामा गैरे निपुण छन् । गैरेका *कृष्ण* र *सूतपुत्र* उपन्यास महाभारतीय आख्यानमा आधारित मिथकीय कथावस्तु लिएर रचना गरिएका कृति हुन् । *सूतपुत्र* तत्कालीन समाजमा व्याप्त रहेको जातीय विभेदलाई विषयका रूपमा चयन गरिएको सीमान्तीय उपन्यास हो । तत्कालीन समाजका मानिसले जाति र वर्गका आधारमा भोग्नुपरेको उत्पीडनको अवस्थालाई उपन्यासले आकर्षक किसिमबाट प्रस्तुत गरेको छ ।

सीमान्तीयता समाजका मानिसले भोग्नुपरेको उपेक्षाले भरिएको बिडम्बनायुक्त अवस्था हो । हाम्रो समाजमा रहेका मानिस जाति, वर्ग, लिङ्ग, क्षेत्र, धर्म, भाषा आदिका आधारमा दमित जीवन बिताउन बाध्य पारिएका छन् । तिनै सीमान्तीय मानिसको कारुणिक जीवन भोगाइका विषयमा अध्ययन तथा विश्लेषण गर्ने उत्तरआधुनिक चिन्तनलाई नै सीमान्तीयता भनिन्छ । उपन्यासकार गैरैको मिथकीय उपन्यास *सूतपुत्र*मा कर्णलाई सीमान्तीय पात्रका रूपमा उभ्याइएको छ र उनले उपन्यासभरि तल्लो जाति हुनुका कारणले भोग्नुपरेको उपेक्षा तथा पटक पटक सूतपुत्रको आरोप भोल्नुपरेको परिस्थितिको चित्रण गरिएको छ । उपन्यसामा आएका पात्रले भोगेको जीवन अवस्थाका आधारमा सीमान्तीयता अभिव्यक्त भएको छ । सीमान्तीयतालाई आधार बनाएर अन्य विभिन्न कृतिको अध्ययन विश्लेषण गरिएको भए पनि गैरेद्वारा लिखित *सूतपुत्र* उपन्यासलाई सीमान्तीयताका आधारमा विश्लेषण गरिएको पाइँदैन । *सूतपुत्र* उपन्यासमा सीमान्तीय आवाज प्रस्ट रूपमा अभिव्यक्त भएको पाइने भएकाले प्रस्तुत कृतिको विश्लेषण सीमान्तीयताका आधारमा गर्नु औचित्यपूर्ण, उपयोगी तथा सान्दर्भिक देखिन्छ । औपन्यासिक कृति *सूतपुत्र*मा सीमान्तीयताअन्तर्गतका लैङ्गिकता तथा जातीयता कसरी अभिव्यक्त भएको छ भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित रही उपन्यासमा अभिव्यक्त सीमान्तीयताअन्तर्गतका लैङ्गिकता तथा जातीयताका विषयमा अध्ययन तथा विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि

सीमान्तीयताको सिद्धान्तलाई आधार बनाएर शंकरप्रसाद गैरेको *सूतपुत्र* उपन्यासको विश्लेषण गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । यसमा सोद्देश्यमूलक नमुना छनोटका आधारमा कृतिको चयन गरिएको छ । प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । यस लेखमा *सूतपुत्र* उपन्यासलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने सैद्धान्तिक पर्याधार निर्माणका क्रममा उपयोग गरिएका सैद्धान्तिक सामग्रीलाई द्वितीयक स्रोत मानिएको छ । विश्लेष्य कृतिका बारेमा गरिएका समीक्षा तथा विवेचनालाई पनि द्वितीयक स्रोतका रूपमा ग्रहण गरिएको छ । प्रस्तुत अध्ययनमा निगमनात्मक पद्धतिको उपयोग गरिएको छ भने पाठविश्लेषणका लागि व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । कृतिमा अभिव्यक्त भएका साक्ष्यका आधारमा कृति विश्लेषण गरी अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सीमान्तीयतालाई जनाउनका लागि अङ्ग्रेजीमा सबाल्टर्न शब्द प्रचलनमा रहेको भए पनि नेपालीमा सीमान्तीयता शब्दको प्रयोग गरिएको पाइन्छ । यसैलाई बुझाउनका लागि अवरजन शब्द पनि उपयोग गरिएको पाइन्छ (शर्मा, २०७०, पृ. ३१५) । समाजमा लामो समयदेखि विभिन्न प्रकारका उपेक्षा भोग्दै आएको वर्गलाई

सीमान्त शब्दबाट चिनाइएको छ । अङ्ग्रेजी शब्द सबाल्टर्नले आदिम कालदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई बुझाउँछ (श्रेष्ठ, २०६८, पृ.१) । समाजमा विशेष पहिचान नबनाएका व्यक्तिलाई सीमान्तकृत भनिन्छ र उनीहरूका कथाव्यथासँग जोडिएका रचनाले सीमान्तीयताको प्रतिनिधित्व गरेका हुन्छन् । 'सबाल्टर्न' शब्दको अर्थ अधीनमा परेका मानिसहरू हुन् । यो जात, वर्ग, उमेर, लिङ्ग पद वा अरू कुनै आधारमा परिभाषित हुन सक्छ । यसमा कहिले विरोध गर्ने त कहिले आज्ञा मान्ने दुवै स्वभाव हुन्छन् । सुरुमा यो शब्द ब्रिटिस सेनामा कनिष्ठ अधिकृत जनाउन प्रयोग हुन्थ्यो । पछि विद्वान्हरूले यसलाई सबाल्टर्न स्टडिज भनेर प्रयोग गर्न थाले, जसले दक्षिण एसियामा विशेष गरी औपनिवेशिक र त्यसपछिको अवस्थाबारे बुझाउने काम गऱ्यो (हुसैन र इसेनी, सन् २०२१, पृ. ३७) । समाजमा विभिन्न कारणबाट उत्पीडित बनेका व्यक्ति नै सबाल्टर्न हुन् । सबाल्टर्नको अवधारणालाई पहिलोपटक इटालियन मार्क्सवादी राजनीतिक क्रियाशील व्यक्ति एन्तोनियो ग्राम्स्कीले आफ्नो लेख 'नोट्स अन इटालियन हिस्ट्री' मा उल्लेख गरेका थिए, जुन पछि उनको सबैभन्दा प्रसिद्ध पुस्तक *प्रिजन नोटबुक्स* (१९२९-१९३५) को भागका रूपमा प्रकाशित भयो । ग्राम्स्कीको दृष्टिकोण सबाल्टर्नको अवधारणाको उत्पत्ति बुझ्न चाहने सबैका लागि अत्यन्त महत्वपूर्ण छ, किनभने यसले पारम्परिक मार्क्सवादी अध्ययनहरूमा देखिने यान्त्रिक र आर्थिक दृष्टिकोणबाट अलग भएर सोच्न प्रेरित गर्छ (लोई, २०१३, पृ. ५) । सबाल्टर्न मार्क्सवादी चिन्तनले जस्तै सीमान्तका आवाज उठाए पनि यसको समाजलाई हेर्ने दृष्टिकोणमा भने भिन्नता रहेको पाइन्छ ।

सीमान्तीय उत्तरआधुनिक बहुलवादी दृष्टिकोणको एउटा पक्ष हो । समाजमा शक्तिसङ्घर्ष चलिरहन्छ । स्पिभाकले सबाल्टर्नको अवधारणालाई स्वीकार गरेकी छिन्, किनभने यो पूर्ण रूपमा परिस्थितिजन्य छ । 'सबाल्टर्न' शब्द सुरुवातमा सेनामा एक निश्चित दर्जा जनाउन प्रयोग भएको थियो । ग्राम्स्कीले मार्क्सवादलाई 'मोनिज्म' भनेका थिए र प्रोलिटेरियन अथवा जनसाधारणलाई 'सबाल्टर्न' भनेका थिए । त्यो शब्द पछि वर्ग विश्लेषणमा नपर्ने सबै कुरालाई जनाउने शब्दमा रूपान्तरण भयो (स्पिभाक, सन् १९९१, पृ. १५४-१८०) । समाजका सम्पन्न वर्गले आफूलाई केन्द्रमा राखेर क्रियाकलाप गर्ने सन्दर्भमा मूल घेरामा समावेश हुन नसकेका व्यक्ति नै सीमान्तीय हुन् । सत्ता, शक्ति, वर्चस्व, अधिपत्यमाथि एकाधिकार स्थापना गरी केन्द्रले किनारालाई कहिल्यै आफू समान हुन दिएन, परपरै पन्छाएर त्यो अङ्कन, खटन र आफ्नै योजना मात्र कार्यान्वयन गरिरहन्छ (सुब्बा, सन् २०११, पृ. ३) । सीमान्त वर्गमाथि कुनै न कुनै किसिमबाट अत्याचार भएकै हुन्छ । हाम्रो समाजका मानिसलाई परिचालन गर्ने काम कुनै न कुनै किसिमबाट सत्तामा रहेका मानिसले गरेका हुन्छन् । सत्ताको घेरामा समावेश हुन नसकेका मानिस नै सीमान्तकृत बन्छन् । तिनै सीमान्तकृत मानिसका अवस्थाका बारेमा गरिने अध्ययनलाई नै सीमान्तीय अध्ययन भनिन्छ । सीमान्तीय अध्ययन भनेको समाज, समाज विकासको ऐतिहासिकता, उत्पीडित वर्ग र उसको मुक्तिका बारेमा अध्ययन, विश्लेषण तथा संश्लेषण गर्ने अर्थसित जोडिएको सन्दर्भ हो (बराल, २०७३, पृ. १७२) । समाजमा लामो समयदेखि विभिन्न किसिमका यातना भोग्दै आएका उत्पीडित व्यक्तिका पक्षमा आवाज मुखरित गरी समाजका सीमान्तीय व्यक्तिका अधिकार स्थापना गर्ने कार्य सीमान्तीयतामा गरिन्छ । सीमान्तीय अध्ययनमा मूलतः समाजमा हरेक किसिमबाट तल्लो दर्जामा राखिएका वा पारिएका व्यक्ति, शक्तिहीन, स्थान र पहिचानहीन, इतिहासहीन, अधिकारविहीन वर्गको पहिचान तथा उनीहरूले त्यस्तो अवस्था भोग्नुको कारणको खोजी गरिन्छ ।

सीमान्तीयताले कुनै जाति, वर्ग, लिङ्ग, क्षेत्र आदिमा पछाडि परेका व्यक्तिलाई बुझाएको हुन्छ । यस्ता व्यक्तिले समाजका कुनै पनि उत्पादनसँग जोडिने अवसर पाएका हुँदैनन् अनि यस्ता व्यक्तिको इतिहास पनि बनेको हुँदैन । रणजित गुहाले सबाल्टर्न अध्ययनलाई दक्षिण एसियाली समाजमा देखिने अधीनताको सामान्य

विशेषताका रूपमा परिभाषित गरेका छन्– चाहे त्यो वर्ग, जात, उमेर, लिङ्ग, पद वा अरू कुनै रूपमा प्रकट भएको किन नहोस् (गुहा, सन् १९८२) । सदियौँदेखि सबाल्टर्न राज्यशक्तिबाट वञ्चित मात्र भएका छैनन् अपितु मूल धारबाट बहिष्कृतसमेत भएका हुन्छन् । समाजमा यिनका आवाज सुनिदिने र त्यसमा मलमपट्टी लगाइदिने व्यक्तिको सर्वथा अभाव हुने गर्छ । यिनै उपेक्षित वर्गका पीडासँग जोडिएर कृतिको समीक्षा गर्ने तथा सबाल्टर्नको इतिहास लेख्ने अभियानको प्रारम्भ सन् १९८२ बाट भएको हो (श्रेष्ठ, २०६८, पृ. २) । यसपछि क्रमिक रूपमा सीमान्तीय अध्ययनले गति प्राप्त गरेको हो । यसरी सीमान्तीयताले एउटै समाजमा बसेर पनि लामो समयसम्म उत्पीडित जीवन बिताउन बाध्य पारिएका शोषित वर्गलाई जनाउँछ । समाजमा वर्ग, अर्थ, शिक्षा, क्षेत्र, जात, धर्म, संस्कृति आदिका आधारमा मानिसमाथि प्रभुत्व कायम गरिएको हुन्छ । प्रस्तुत आलेखमा *सूतपुत्र* उपन्यासमा रहेको विभेदलाई सीमान्तीयताअन्तर्गतका लैङ्गिकता तथा जातीयताका आधारमा विश्लेषण गरी अर्थापन गरिएको छ ।

## परिणाम र विमर्श

प्रस्तुत आलेखमा *सूतपुत्र* उपन्यासलाई सीमान्तीयताको सैद्धान्तिक पर्याधारमा समावेश गरिएका सीमान्तीयताअन्तर्गतका लैङ्गिकता तथा जातीयता आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसका लागि उपन्यासका साक्ष्य तथा सन्दर्भलाई यथोचित रूपमा उपयोग गरी शोध्य उपन्यासको विमर्श र परिणाम प्रस्तुत गरिएको छ ।

### सीमान्तीयता

*सूतपुत्र* उपन्यासमा सीमान्तीयता सूचक अभिलक्षणका रूपमा लिङ्ग तथा जाति आएका छन् । यिनै अभिलक्षणको छुट्टाछुट्टै विश्लेषण गरी उपन्यासमा अभिव्यक्त भएको सीमान्तीयता निरूपण गरिएको छ :

### लैङ्गिकता

मानिसका समान क्षमता तथा योग्यता हुँदाहुँदै पनि लिङगत आधारमा गरिने भेदभाव वा फरक लिङ्गी हुनुका कारणबाट सिर्जित सीमान्तीयता नै लैङगिकता हो । महाभारतीय मिथकलाई उपजीव्य बनाई रचना गरिएको *सूतपुत्र* उपन्यासमा सर्वथा उपेक्षित तथा तिरस्कृत जीवन यापन गर्न विवश कर्णलाई नायकका रूपमा चयन गरिएको छ । कुन्ती र सूर्यका पुत्र कर्ण जन्मनेबित्तिकै परित्यक्त बालक हुन् । उनले आफ्नो जन्म कहाँ भयो अनि कर्मका आधारमा सूतपुत्रको परिचय लिनुपर्ने परिस्थिति कसरी आयो भन्ने कुरामा अविज्ञ छन् तथापि उनको सामाजिक पहिचानको निर्माण अधिरथ पुत्र (सूतपुत्र) कर्णका रूपमा भएको छ । कर्ण न आफ्नी आमाका बारेमा ज्ञात छन् न त उनी आफ्नो बाल्यकालीन परिस्थितिका ज्ञाता नै छन् बरु उनी त राधेयका रूपमा आफ्नो समुदायमा परिचित छन् ।

कर्ण बाल्यकालबाट नै शूरवीर स्वभाव भएको बालकका रूपमा परिचित छन् । उनको बाल्यकालीन अवस्था अत्यन्तै सुखमय किसिमबाट नै बित्यो तर जब कर्णमा शस्त्र ज्ञानप्रतिको अभिरुचि अत्यन्त सबल बनेर प्रकट हुन थाल्यो तब मात्र उनलाई आफ्नो जातका बारेमा ज्ञात भयो । प्रवृत्तिगत हिसाबले कर्णमा हस्तिनापुरका राजकुमारमा जस्तै शूरता, वीरता देखिए पनि उनीभित्रको आगो जातीयताका कारण निभाउनुपर्ने परिस्थिति सिर्जित हुन पुग्यो यद्यपि आफू अछुत हुनुका कारण शस्त्रविद्याबाट विरत हुनुपर्छ भन्ने कर्णलाई कहिल्यै लाग्दै लागेन । कर्णभित्र सल्किएको शस्त्रविद्याको भोकले आफ्नो बाबु अधिरथलाई नै गुरुकुलसम्म पुऱ्याएका छन् अनि कर्ण स्वयम् सूतपुत्र हुनुका कारण आचार्य द्रोणको गुरुकुलमा समावेश पनि हुन सकेका

छैनन् । महाभारतकालीन भारतवर्ष जातीयताका विषयमा कतिसम्म निर्मम थियो र तल्ला जात भनिएका व्यक्ति कति धेरै अवसर अनि सुविधाबाट वञ्चित थिए भन्ने कुरा कर्ण जस्ता प्रत्युत्पन्न मति भएका व्यक्तिले भोगेको तिरस्कारले स्पष्ट पार्छ ।

हाम्रो परम्परा नारीप्रति कहिल्यै पनि उदार हुन सकेको छैन । महाभारतकालीन नारी आफ्नै घरपरिवारमा समेत उपेक्षित तथा तिरस्कृत जीवन बिताउन बाध्य थिए । नारीका संवेदना बुझिदिने र नारीलाई पनि समान किसिमको हकअधिकार प्रदान गरेर अग्रस्थान दिने कार्य त्यति वेलाको समाजले गर्न सकेको थिएन र आजको समाज पनि नारी स्वतन्त्रताका विषयमा अग्रगामी बन्न सकेको पाइँदैन । *सूतपुत्र* उपन्यासमा धनुर्विद्याका लागि महर्षि गोकर्णको आश्रममा जाने सन्दर्भमा पुरुष हुनुका कारणले कर्णले जति सजिलोसँग अनुमति पाएका थिए त्यति सजिलो कर्णकी बालशखा मालालाई भएको थिएन । उपन्यासमा महर्षि गोकर्णलाई प्रगतिवादी, जातिवादका विरोधी तथा लैङ्गिकतामा समेत उदार स्वभाव भएका क्रान्तिकारी व्यक्तिका रूपमा देखाउने प्रयत्न गरिएको भए पनि मालाकै मुखबाट गुरुकुलमा शस्त्रविद्याका लागि जाने प्रसङ्गमा भनिएको भनाइले हेजेमोनीलाई स्थापित गरिएको छ । कर्ण र मालामा शस्त्रविद्याप्रतिको अनुराग बराबर भए पनि सिकाइका सन्दर्भमा जुन सहजता कर्णले प्राप्त गरेका छन् त्यस्तो सुविधा मालाले पाउन सकेकी छैनन् । उपन्यासमा कर्णकी बालशखाका रूपमा आएकी मालाको अभिव्यक्तिले समग्र नारी चेतना र नारी उत्पीडनको अवस्थालाई स्पष्ट पारिदिएको छ । "मेरी माता यहाँ आएको मन पराउनुहुन्न । भन्नुहुन्छ, छोरी मान्छेले घरको काम गर्नुपर्छ । यो काम त पुरुषहरूको हो" (गैरे, २०८२, पृ. ५६) । नारीलाई चुलोचौकामा सीमित गर्ने र बाहिरका काम पुरुषले मात्र गर्नुपर्छ भन्ने सोचाइमा नै लैङ्गिक सीमान्तीयता रहेको छ ।

*सूतपुत्र* उपन्यासमा नारी हुनुका कारण भोग्नुपरेका समस्याभन्दा जातीयताबाट सिर्जित समस्या व्यापक छन् । उपन्यासमा आएका पात्रहरूले जातीयताका आधारमा भोग्नुपरेका समस्याले सीमान्तीयतालाई स्पष्ट पारेका छन् यद्यपि नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा लिएर शोषण गर्ने प्रवृत्ति भने बिच बिचमा आएकै छन् । मालाको परिवारको आर्थिक व्यवस्थापनको सम्पूर्ण अभिभारा उनका पिताको काँधमा थियो । उनैको अथक मिहिनेतबाट नै मालाको परिवारले आर्थिक गर्जो टार्दै आएको थियो । एकदिन अचानक सरयूमा माछा मार्न गएका मालाका बुबा घर फर्किएनन् । उनी घर नफर्कनुको अर्थ सरयू नदीले उनलाई बगायो । यसपछि घरव्यवहार सञ्चालनको अभिभारा मालामा आइपुग्यो र उनले आफ्नो पिताले गरेको पेसालाई निरन्तरता दिन थालिन् । हस्तिनापुरबाट माछा बेचेर फर्किने क्रममा कुनै एकान्त स्थानमा मालामाथि आक्रमण भएको र कर्णका पिता अधिरथ आउनुका कारण आफू सुरक्षित हुन पाएको कुरा मालाले कर्णलाई यसरी सुनाएकी छन् :

> म माछा बेचेर फर्किंदै थिएँ, मलाई एकान्त बाटामा चार जनाले छेके । उनीहरूले हातपात गर्न थालेका थिए । त्यसमा एउटा अगुवा थियो । अरू त्यसलाई राजकुमार भनिरहेका थिए । आज बेलैमा काका नआएको भए... । माला फेरि रुन थाली (गैरे, २०८२, पृ. १६५) ।

माथिको औपन्यासिक साक्ष्यका आधारमा हेर्दा मालाले हस्तिनापुर दरबारबाट फर्किने क्रममा भोगेको घटना त केवल एउटा उदाहरण मात्र हो । मालाले जस्तै नारी हुनुका कारण कति युवती आफ्नो अस्मिता गुमाएर जीवन चलाउन बाध्य थिए । नारीहरू आफ्नो शासकहरूबाट नै असुरक्षित बन्नुपरेको भयावह सन्दर्भले नारी शोषणको अवस्थालाई चित्रवत् रूपमा प्रस्तुत गरेको छ । दरबारका राजकुमार नै नारी शोषणका नाइके बनेर बलात्कारका लागि उद्यत भएको प्रसङ्का माध्यमबाट तत्कालीन अवस्थामा नारीले भोगेको जीवनलाई

स्पष्ट पारिएको छ भने अर्कातर्फ आज पनि यस्ता क्रियाकलापको निरन्तरता हाम्रो समाजमा छ भन्ने कुराप्रति सोद्देश्यमूलक किसिमबाट सचेत पनि गराइएको छ । वास्तवमा नारीहरू हिजो पनि र आज पनि सीमान्तीयतामा बाँच्न विवश छन् भन्ने कुरालाई उपन्यासको माथि साभार गरिएको अंशबाट स्पष्ट पारिएको छ ।

महाभारतीय विषयको जगमा उभिएको *सूतपुत्र* उपन्यासमा जातीयताको सन्दर्भलाई जति सघन किसिमबाट प्रस्तुत गरिएको छ त्यति सशक्त रूपमा लैङ्गिकतालाई उठान गरिएको छैन परन्तु कुनै न कुनै किसिमबाट लैङ्गिक सीमान्तीयताका झलक प्रकट भएकै छन् । हाम्रो समाजका मानिसले छुवाछुतका आधारमा मानिस मानिसमा विभेद सिर्जना गर्ने र यसैका आधारमा दमनको चक्र चलाउने काम गरिरहेकै छन् । समाजमा आफूलाई ठुलो जातिका रूपमा चिनाउने अनि साना साना कुरामा जातीयता जोडेर आफ्नो महिमा स्थापित गर्न खोज्ने गजाधरका बुबा शशिधर पनि कथित दलित लाक्षाकी आमासँग सहवास गर्ने प्रसङ्लाई उपन्यासमा निकै रोचक किसिमबाट प्रस्तुत गरिएको छ । यहाँ जातीयताका आधारमा आफूलाई सर्वशक्तिमान् ठान्ने व्यक्तिको जातीयताको अभिमान यौन समागममा पुग्दा विस्मृत भएको विषय उठान गर्दै सम्भ्रान्त वर्गीय व्यक्तिको यौन शोषणको सिकार भएर आफ्नो जीवन चलाएका कथित दलित समुदायको व्यथा पनि प्रकट भएको छ । आफ्नो बाबुले लाक्षाकी आमासँग यौन समागम गरेको प्रत्यक्ष देखेको गजाधर आफू पनि लाक्षासँग यौन समागममा लागेको छ । अरू सबै कुरामा जातीयताको तगारो आए पनि यौनका विषयमा उनीहरूका बाबुछोरा दुवैलाई न जात तथा न वर्ग कुनै कुराले अवरोध पुऱ्याउन सकेको छैन । यसैका आधारमा पनि भन्न सकिन्छ कि आफ्नो स्वार्थका लागि कुनै पनि जाति नरहने र आफ्नो स्वार्थ सिद्ध गरेपछि जातीयतालाई अगाडि ल्याएर आफूलाई सर्वोच्च प्रमाणित गर्न खोज्ने प्रवृत्तिप्रति पनि उपन्यासले औँलो उठाएको छ ।

लाक्षा र आमा दुवै आमाछोरी शशिधर र गजाधर बाबुछोराका बिचमा भएको सम्बन्धका आधारमा पनि लैङगिक र जातीय सीमान्तीयता अभिव्यक्त भएको पाइन्छ । समाजमा नारीमाथि हुने गरेका यौन शोषणका घटनाहरूले जातीय सङ्कुचनलाई भत्काएका छन् यद्यपि यौन समागममा अवरोधक नबनेको जातीयता समाजका साना साना प्रसङ्मा शक्तिशाली बनेर प्रकट भएको छ । यौन शोषणका लागि उद्यत रहेका शशिधर र गजाधरलाई जातीय सीमा छैन तर कुवाको पानी पिउने सन्दर्भमा गजाधरले कर्णलाई अछुत भन्ने आरोप लगाउन पुग्छ । यिनीहरूका बिचमा हात हालाहालको अवस्था पनि देखिन्छ र अन्ततः सूत हुनुकै कारण कर्णकी आमा राधाले माफी माग्नुपर्ने अवस्था सिर्जना भएको छ । तत्कालीन समाजमा घटेका विभिन्न घटनाका आधारमा लैङ्गिक विभेदको अवस्थालाई स्पष्ट पारिएको छ । कथित तल्लो जाति हुनुका कारण महिलाले समाजमा भोग्नुपरेका उत्पीडन उपन्यासमा प्रस्तुत भएका छन् । *सूतपुत्र* उपन्यासले सदियौँदेखि मानव समाजमा जरो गाडेर बसेको जातीय विभेदसँग सम्बन्धित विषयको उठान गरेको छ । उपन्यासमा लैङ्गिक, जातीय, आर्थिक आदि अवस्थाका आधारमा सिर्जना गरिएको सीमान्तीयतासँग सम्बन्धित विषय उठान गरिएको छ ।

**जातीयता**

*सूतपुत्र* नेपाली साहित्यको औपन्यासिक परम्परामा जातीय विभेदलाई प्रस्तुत गर्दै लेखिएको सशक्त मिथकीय उपन्यास हो । भारतवर्ष कालीन समयमा व्याप्त जातीय विभेदको वर्णन गर्दै समकालीन समाजमा समेत त्यसको गहिरो असर बाँकी रहेको कुरालाई उपन्यासका विभिन्न सन्दर्भबाट स्पष्ट पारिएको छ । महाभारतीय वीर योद्धा कर्णको जीवनका विविध आयामसँग जोडिएको प्रस्तुत उपन्यासले जातीयताकै आधारमा कर्णको वीरता र श्रेष्ठतामा अङ्कुश लगाउने प्रयत्न तत्कालीन समयका अधिकांश क्षेत्रमा भएको कुरा स्पष्ट

पारेको छ । कर्णका जन्मदिने मातापिता अज्ञात छन्, अधिरथ र राधाले पालेका छन् र उनीहरू जातीयताका आधारमा सूत हुन् । यिनै सूतले दिएको परिचयका आधारमा कर्णको जीवनधारा सञ्चालन भएको छ । सानै उमेरबाट नै विलक्षण प्रतिभा भएका कर्ण आफू दलित जाति हुनुका कारण समाजका विभिन्न अवसरबाट वञ्चित मात्र भएका छैनन्, धेरै ठाउँमा अपमानित पनि बनेका छन् । आफ्नो बाल्यकालीन साथी गजाधरसँग सँगै खेल्ने क्रममा भएको सामान्य विवादले पनि जातीयताको रूप लिन पुगेको छ र उसले कर्णलाई सूत हुनुकै कारण अपमान गरेको छ । "पख् ! अछुत भएर ब्राह्मणको छोरामाथि हात हालेको फल म तँलाई देखाउँछु" ( गैरे, २०८२, पृ.१९) । सामान्य बालक्रीडाका सन्दर्भमा भएको विवादलाई पनि जातीयतासँग जोडेर आफ्नो अभिमान प्रस्तुत गर्ने तत्कालीन समाजका कथित उच्च वर्गीय व्यक्तिका क्रियाकलाप उपन्यासमा आएको छ ।

*सूतपुत्र* उपन्यासमा वर्णित तत्कालीन समाजमा कर्णले भोगेको अपमान समग्र सूत जातिप्रतिको विभेदको उदाहरण हो । तत्कालीन समाजका सूतहरूले प्राकृतिक वस्तुको उपयोगमा समेत जातीयताको अपमान सहनुपर्ने अवस्था थियो । "शूद्रको छोरो भएर ब्राह्मणको छोरामाथि हातपात हाल्ने तेरा छोराको बिराम हो कि शशिधरका छोराको ? शूद्र भएर इनारको पानी छुने तेरा छोराको बिराम हो कि शशिधरका छोराको ?" (गैरे, २०८२, पृ.१९) । उपन्यासमा आएको यस्तो अभिव्यक्तिले तत्कालीन समयमा रहेको जातीय विभेदको कहालीलाग्दो अवस्थालाई प्रस्तुत गरेको छ । अरू जातिका मानिसले अन्याय नै गरेका भए पनि शूद्र जाति हुनुका कारण माफी माग्नुपर्ने अवस्था रहेको प्रसङ्ग उपन्यासमा आएको छ । "ब्राह्मणदेव कर्णको भनाइअनुसार हजुरको छोराले पहिला हातपात गरेको हो र पनि शूद्र भएको नाताले म हजुरसँग क्षमा माग्छु" (गैरे, २०८२, पृ.२०) । कर्णकी आमा राधाको भनाइबाट पनि स्पष्ट भएको छ कि गल्ती अरूले नै गरे पनि जातीयताका आधारमा शूद्रले नै माफी माग्नुपर्ने तत्कालीन समाज विभेदकारी थियो ।

बालक कर्णलाई समाजमा व्याप्त रहेको जातीय विभेदका बारेमा कुनै कुरा पनि थाहा छैन । गजाधरका बाबु आएर देखाएको अस्वाभाविक जातीय अभिमानले कर्णमा गहिरो प्रभाव पारेको थियो । उनी आफू र गजाधरमा भएको जातीय भिन्नता बुझ्न चाहन्थे । "माता त्यो गजाधरको पिता किन बाह्मण हामी किन शूद्र ? यो ब्राह्मण र शूद्र भनेको के हो माता ? गजाधरले मलाई किन सधैँ शूद्र भनेर हेपिरहन्छ ?" (गैरे, २०८२, पृ. २२) । उपन्यासमा कर्णले आफ्नी आमासँग सोधेका प्रश्न निकै मर्मस्पर्शी छन् । साना साना बालबालिका खेल्ने क्रममा समेत जातीय अभिमान देखाउने तत्कालीन अवस्थाप्रति कर्णको व्यापक असन्तुष्टि रहेको थियो । उनी आफूमाथि हुने गरेको जातीय भेदभाव सहन सक्दैनथे भन्ने कुरा उपन्यासमा प्रस्तुत भएको छ । आफूलाई कथित उच्च जात सम्झिने मानिसले आफ्नो कमीकमजोरी जातीयताकै आधारमा लुकाउने गरेको यथार्थ उपन्यासमा अभिव्यक्त भएको छ ।

*सूतपुत्र* उपन्यासमा दलित घृतानको छोरो जितेन र त्रिलोचन पण्डितकी छोरीका बिच प्रेम भएको थाहा पाएपछि जितेनलाई दिइएको दण्ड अत्यन्तै निन्दनीय रहेको छ । उसलाई दिइएको दण्डले समग्र मानव जातिलाई नै उपेक्षा गरिरहेको छ । जाडो मौसममा खुला चउरमा चारपाटा मुडेर खाल्डामा पुरेको र त्यही दण्डका कारण उसको मृत्यु भएको प्रसङ्ले जातीय विभेद कतिसम्म हिंस्रक थियो भन्ने कुरा स्पष्ट पारेको छ । तत्कालीन समाजमा रहेको जातीय विभेद कर्णलाई कत्ति पनि मन परेको थिएन, तर के गर्नु समाजसँग प्रतिकार गरेर अगाडि बढ्ने अवस्था पनि त थिएन । जातीयताका आधारमा हुने विभेदका विरुद्धमा बोल्नु तत्कालीन अवस्थामा समस्या मोल्नु नै थियो भन्ने कुरालाई राधाले दिएको अभिव्यक्तिले पनि स्पष्ट पारेको छ : "के हुनु

नि मोरालाई दशा लागेको । पण्डित त्रिलोचनकी छोरीसँग हिमचिम भएछ । ... अब छोड्छन् त । प्रतिष्ठाका निम्ति पनि छोड्दैनन् । औकात बिर्सिएपछि यस्तै हुन्छ । गल्ती गरेकै हो केटाले" (गैरे, २०८२, पृ.१९) । उपन्यासको यस  अंशका आधारमा हेर्दा पनि तत्कालीन समाज शूद्रका लागि अत्यन्तै विभेदकारी थियो भन्ने कुरा स्पष्ट हुन्छ । शूद्र जातिका मानिस सामान्य गल्तीका लागि पनि मृत्युदण्ड हुनेसम्मको सजाय भोग्न बाध्य थिए । तत्कालीन समाजका अधिकांश शूद्रले आफूलाई जातीयताका आधारमा कमजोर मात्र ठान्दैनथे कि उनीहरू कथित ठुला जातिका विरुद्धमा आवाज उठाउने आँट पनि गर्दैनथे । दोष अरू कसैको भए पनि आफू कथित दलित हुनुका कारण त्यसको भागीदार आफैँ नै बन्नुपर्छ भन्ने मानसिकतमा रहेका हुन्थे । कथित दलित जातिमा रहेको मनोविज्ञानको फाइदा उठाएर कथित ठुला जातिका मानिस अत्याचारका लागि उद्यत भइरहेका हुन्थे ।

तत्कालीन समाजमा विद्यामा पनि जातीयताको प्रभाव थियो । सबै मानिसलाई सबै प्रकारको शिक्षाको अवसर थिएन । जातीयताका आधारमा कुन विद्या ब्राह्मणका लागि तथा कुन विद्या क्षत्रीका लागि भनेर किटान गरिएको थियो । आफ्नो इच्छा र क्षमताका आधारमा विद्या लिन पाउने स्वतन्त्रता सबै नागरिकका लागि थिएन । सानै उमेरबाट नै धनुर्विद्यामा अभिरुचि राख्ने कर्णका लागि यो मार्ग त्यति सजिलो त थिएन यद्यपि उनको मानसिकताबाट यो कुरा सजिलै हट्ने अवस्था पनि थिएन । धनुर्विद्याका लागि उत्कट चाहना बोकेर आचार्य द्रोणको आश्रममा पुगेका कर्णलाई उनको जात देखाएरै निषेध गर्ने प्रयास गरिएको छ । यही सन्दर्भमा आचार्य द्रोणले कर्णलाई भनेका छन् "हेर कर्ण, म केवल क्षत्रीयहरूलाई मात्र शिक्षा दिन्छु । मैले दरबारबाट स्वीकृति पनि यसैका निम्ति मात्र पाएको छु । ...तिमीले सत्य लुकायौ । विद्यापीठलाई झुक्याउन खोज्यौ । त्यसकारण तिमीले दण्ड पाउनुपर्ने हो" (गैरे, २०८२, पृ.१४१) । उपन्यासमा आएको यस भनाइले तत्कालीन समाजमा व्याप्त रहेको जातीय विभेदलाई मात्र देखाएको छैन, यसले त जातीयतालाई आधार बनाएर मानिसमाथि कस्तो व्यवहार हुन्थ्यो भन्ने कुरा पनि स्पष्ट पारिदिएको छ । समाजका प्रत्येक क्षेत्र शूद्र जातिका लागि प्रतिबन्धित थिए, उनीहरूले आफ्नो इच्छाअनुसारको शिक्षा लिन पाउने व्यवस्था पनि थिएन । तत्कालीन गुरुकुल ब्राह्मण तथा क्षत्रीयका लागि शिक्षा प्रदान गर्ने केन्द्र थिए तर त्यहाँ कुनै पनि शूद्रका लागि शिक्षा लिने व्यवस्था थिएन ।

प्रारम्भिक शिक्षा महर्षि गोकर्णको आश्रममा प्राप्त गरेका कर्ण राम्रो र विशिष्ट प्रकारको शिक्षाका लागि आचार्य द्रोणको आश्रममा पुगेका भए पनि सूतपुत्र हुनुकै कारण निष्कासित भएका छन् । यस्तै आफूले जीवनमा जस्तो परिस्थिति आए पनि शस्त्रविद्याको बाटो नछोड्ने दृढ सङ्कल्प लिएका कर्ण गुरुको खोजीमा परशुरामको आश्रमसम्म पुगेका छन् । शस्त्रविद्या आर्जनको बाटो सजिलो छैन भन्ने बुझेका कर्णले आफ्नो जातीय पहिचान शस्त्रविद्याका लागि अवरोधक बन्ने ठानेका कारण फरक पहिचानका साथमा अगाडि बढ्ने दृढ अठोट लिएका छन् । यही अवस्थामा कर्णलाई एकलव्यको परामर्शले छुट्टै पहिचानका साथ अगाडि बढ्ने प्रेरणा दिएको छ र उनी आफ्नो जातीय पहिचानभन्दा फरक बनेर परशुरामको आश्रममा पुगेका छन् । परशुरामले उनलाई दुई बर्से शस्त्रविद्याको ज्ञान दिएपछि कर्णको जातका बारेमा थाहा पाएका छन् । उनले दुई वर्षको अथक साधनाबाट प्राप्त गरेको शस्त्रविद्या जातीयताकै कारण श्रापित हुन पुगेको छ । जति बेला कर्णलाई शस्त्रविद्याको आवश्यकता थियो त्यति बेला नै श्रापका कारण शस्त्रविद्या निष्क्रिय बन्ने कठोर श्रापका कारण उनको जीवन कारुणिक र पीडित बनेको छ । उनले ठुलो साधनाबाट प्राप्त गरेको विद्या जातकै कारण कमजोर बन्न पुगेको छ । एकातिर गुरुको श्राप तथा अर्कातिर जातका कारण भोग्नुपरेको अपमानको आगो मनमा पालेर

हस्तिनापुरमा फर्किएका कर्णले प्राप्त गरेको विद्यासमेत जातीय अङ्कुशका कारण सहज रूपमा उपयोगमा आउन नसक्ने परिस्थिति बनेको छ । जातीयताकै कारण कर्णमा रहेको शस्त्रविद्या सहज उपयोगमा आउन सकेको छैन ।

*सूतपुत्र* उपन्यासमा जातीयताका आधारमा समाजमा हुने विभेदको सफेद स्वरूप प्रस्तुत गरिएको छ । शूद्र हुनुका कारण कर्ण र उनको परिवारले साना साना कुरामा पनि समस्या झेल्दै आएका छन् । शूद्र जातिले मन्दिर निर्माण गर्छन् तर उनीहरू नै त्यस मन्दिरमा पूजापाठबाट वञ्चित गराइन्छन् । उपन्यासमा दुर्योधनको छलका कारण सरयूमा बगेका भीमलाई बोकेर ल्याएका कर्णले आफ्नै गाउँको मन्दिरमा राख्छन् तर मन्दिरमा दलितको प्रवेश भएको भन्दै गाउँमा ब्राह्मणहरूले हल्ला फैलाउँछन् । मन्दिरमा कर्णले प्रवेश गरेको र त्यसलाई चाखो तुल्याउनका लागि अधिरथको परिवारले पैसा बुझाउनुपर्ने सन्दर्भ उपन्यासमा आएको छ । “अस्ति राजकुमारलाई लिन जाँदा कर्ण मन्दिर प्रवेश गरेका थिए । मन्दिर अपवित्र भयो रे । त्यसको शुद्धीकरणका लागि मैले खर्च बेहोर्नुपर्ने रे” (गैरे, २०८२, पृ.७८) । समाजमा जसले मन्दिरको निर्माण गर्छ, जसले मूर्ति निर्माण गर्छ अनि जसले मूर्तिको स्थापना गर्छ आज उसैलाई शूद्रको संज्ञा दिएर मन्दिरभित्र निषेधित गरिन्छ । मन्दिरमा प्रवेश गरेको निहुँमा उल्टै सजाय दिइन्छ भने त्यो समाज कहिल्यै पनि दलितका लागि हुनै सक्दैन भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ ।

सूतपुत्र उपन्यासले महाभारतकालीन समाजमा विद्यमान लैङ्गिक तथा जातीय विभेदको अवस्थालाई प्रस्तुत गरेको छ । तत्कालीन समाजमा प्रतिभा सम्पन्न व्यक्तिलाई समेत जातीयताको अङ्कुश लगाएर नियन्त्रण गर्ने प्रयत्न गरिएको तथा लैङ्गिकताका आधारमा नारीमाथि हुने गरेका यौन शोषणका विविध सन्दर्भ उपन्यासमा आएका छन् । तत्कालीन समयमा व्यक्तिमा रहेका योग्यता, क्षमता तथा प्रतिभा केवल जातीयताका आधारमा मात्र निर्धारित हुन्थे भन्ने कुरालाई उपन्यासमा चित्रवत् किसिमबाट प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

उपन्यासकार शंकरप्रसाद गैरेद्वारा लेखिएको *सूतपुत्र* उपन्यासमा महाभारतीय मिथकको प्रयोग पाइन्छ । जन्मका आधारमा क्षत्रीय भएर पनि कर्मका आधारमा शूद्रमा गणना गरिएका महाभारतीय पात्र कर्णको जीवनका विभिन्न आयाम खोज्ने प्रयास उपन्यासमा गरिएको पाइन्छ । उपन्यासमा कर्णलाई सीमान्तीय पात्रका रूपमा उभ्याइएको मात्र छैन जातका आधारमा उनले भोग्नुपरेको उत्पीडनलाई प्रस्तुत गरिएको छ । महाभारतकालीन समाजका नारीहरू सीमान्तीय जीवन बिताउन विवश भएको कुरा माला तथा उपन्यासमा आएका लाक्षा अनि उसकी आमाको अवस्थाबाट स्पष्ट पारिएको छ । शक्ति सम्पन्न व्यक्तिले गर्ने यौन शोषणको चरम स्वरूप उपन्यासमा आएको छ । त्यस्तै शूद्र जातिप्रतिको तत्कालीन विचार र धारणालाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । बहुप्रतिभा सम्पन्न कर्ण जातीयताका आधारमा नै तिरस्कृत मात्र भएका छैनन्, आफूले चाहेको शिक्षा पाउने अवसरबाट समेत वञ्चित हुन पुगेका छन् । समाजका प्रत्येक क्षेत्रमा आफूलाई योग्य सावित गर्ने अवसरबाट उनी टाढिएका छन् । हस्तिनापुरका राजकुमारकै समकक्षी योग्यता भएका कर्णलाई जातीयताकै आधारमा अङ्कुश लगाइएको छ । आफू बसेको समाजमा हुने विभिन्न क्रियाकलापबाट समेत जातकै आधारमा प्रतिबन्धित भएका छन् । त्यसैले प्रस्तुत उपन्यासले जातीयता तथा लैङ्गिकताका आधारमा उत्पीडित जीवन बिताउन बाध्य पारिएका तत्कालीन समाजका कथित शूद्रका विषयमा स्पष्ट पारेको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.). अक्षर क्रियसन ।

गैरे, शंकरप्रसाद (२०८२). *सूतपुत्र.* बुक हिल पब्लिकेसन प्रा.लि ।

पाण्डेय, ताराकान्त (२०७३) .*मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण.* भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समलोचना सिद्धान्त र प्रयोग.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०७०). अवरजन अध्ययन र साहित्य. *भृकुटी.* पूर्णाङ्क १९, पृ. ३१५-३२५ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्र्टन.* डिस्कोर्स पब्लिकेसन ।

सुब्बा, मनप्रसाद र थापा, रेमिका (सन् २०११). *किनारा विमर्श* (सम्पा.). गामा प्रकाशन ।

Gramsci A (1971). *Selections from the Prison Notebooks*, edited and translated by Quintin Hoare and Geoffrey Nowell Smith. Lawrence and Wishart.

Guha R (1982) ed. *Subaltern Studies: Writings on South Asian Society and History,* Vol. VII, Oxford.

Hossain, A & Iseni, A (2021), Rethinking subaltern, borders, and borderlands in Indian and Albanian literature in English, *Anglisticum Journal* (IJLLIS), Volume: 10 | Issue: 8 pp37-48.

Louai, El H (2012), Retracing the concept of the subaltern from Gramsci to Spivak: Historical developments and new applications, *African Journal of History and Culture* (AJHC) Vol. 4(1), pp. 4-8,DOI: 10.5897/AJHC11.020

Spivak GS (1991). "Theory in the Margin: Coetzee"s Foe ReadingDefoe"s Crusoe/Roxana", in Jonathan Arac and Barbara Johnson (eds) *Consequences of Theory: Selected Papers of the English Institute*, 1987-1988. Johns Hopkins University Press.